# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६)हेटौंडा, नेपाल, जेठ ०५ गते, २०७९ साल (सङ्ख्या ४

## भाग ३

## बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

### एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९

एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा २ मा संशोधनः</u>** एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ कोः

(१) खण्ड (क) पछि देहाय बमोजिमको खण्ड (क१) थपिएको छः-

"(क१) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।"

(२) खण्ड (ञ) पछि देहाय बमोजिमको खण्ड (ट) थपिएको छः-

"(ट) "समिति" भन्नाले दफा २३ बमोजिमको छनोट एवम् सिफारिस समिति सम्झनु पर्छ ।"

३. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधको दफा १० को उपदफा (२) मा रहेका "विद्यालयको वार्षिक क्यालेन्डर अनुसारको बिदा र सार्वजनिक बिदा बाहेक" भन्ने शब्दहरु झिकिएका छन् ।

४. **<u>मूल कार्यविधको दफा ११ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ को उपदफा (४) को सट्टा देहाय बमोजिमको उपदफा (४) राखिएको छ —

"(४) उपदफा (३) बमोजिमको बजेट स्थानीय तह वा मन्त्रालय मातहतको निकायमा पठाइनेछ ।"

५. **<u>मूल कार्यविधिको दफा १६ मा संशोधनः</u>** (१) मूल कार्यविधको दफा १६ को उपदफा (४) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर कुनै पालिका अन्तर्गतको विद्यालयमा विद्यालय नर्सको पदमा कार्यरय व्यक्तिले अर्को पालिका अन्तर्गतको विद्यालय नर्सको पदमा दरखास्त दिन पाउने छैन ।"

(२) मूल कार्यविधिको दफा १६ को उपदफा (६) मा रहेको "नामावली" भन्ने शब्दको पछाडि "मन्त्रालयको वेबसाइटमा" भन्ने शब्दहरु थपिएका छन् ।"

६. **<u>मूल कार्यविधिको दफा २२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २२ को उपदफा (१०) मा रहेको "आर्थिक" भन्ने शब्द झिकिएको छ ।

७. **<u>मूल कार्यविधिको दफा २३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २३ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः

"(ङ) प्रमुख, प्रशासन शाखा, मन्त्रालय -सदस्य"

(२) मूल कार्यविधिको दफा २३ को उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) र (छ) थपिएका छन् ।

"(च) नर्सिङ अधिकृत, मन्त्रालय -सदस्य"

"(छ) कार्यक्रम हेर्ने सम्बन्धित अधिकृत, निर्देशनालय -सदस्य-सचिव"

**आज्ञाले,**

**बद्री बहादुर खड्का**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-